सिरानचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

गण्डकी प्रदेश, नेपाल

प.सं.:२०७९।०८०

च.नं.:

मितिः२०७९।१०।२९

सूचना !　　　　सूचना !!　　　　सूचना !!!

## न्युनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन दिने सम्बन्धी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो शंसोधन २०७८) को दफा १८ को उपदफा (१) बमोजिम आगामी आर्थिक वर्ष २०८०/२०८१ मा यस सिरानचोक गाउँपालिका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्युनतमः एक सय दिनको रोजगारीमा संलग्न हुन विपन्न तथा जिवनयापन जोखिममा परेका बेरोजगार व्यक्तिहरुका लागी मिती २०७९।११।०१ गते देखी २०७९।११।३० गते सम्म आवेदन खुल्ला गरिएको हुँदा सोहि मिती भित्र आफुले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनका लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

निवेदन दिदा ध्यान दिनु पर्ने कुराहरु:

- निवेदनको ढांचा अनुसार ब्यक्तिगत, पारिबारिक विवरण पूर्णरुपमा उल्लेख नभएमा मान्य हुने छैन।
- आफ्नो र परिवारका सम्पूर्ण सदस्यको विवरण (जस्तै नागरिकता नं, जारी मिति, जारी जिल्ला, जन्म मिति, शैक्षिक योगयता ईत्यादी प्रष्ट बुझिने गरि निबेदनमा उल्लेख गर्नु पर्ने छ।
- बेरोजगार निबेदन सम्वधित वडामा दर्ता भई वडा अध्यक्षबाट प्रमाणित भएको हुनु पर्ने छ, अन्यथा मान्य हुने छैन।
- आम्दानी वा पारिबारिक विवरण झुटो राखी निबेदन दिन पाइने छैन, झुटो प्रमाणित भएमा नियमानुसार कारबाही हुनेछ।

निवेदन साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु:

- नगरिकता प्रमाण पत्रको प्रतिलिपी ।
- पासपोर्ट साईजको फोटो १ प्रती ।
- अन्य जिल्ला वाट बसाइसराई वा विवाह गरी आएको हकमा बसाइसराई या विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी।

**नोटःयस सम्बन्धि बिस्तृत जानाकारी तथा बेरोजगार निवेदन फारम प्रधानमन्त्री रोजगार कार्यक्रम को वेव साईट www.pmep.gov.np, गाउँपालिकाको रोजगार सेवा केन्द्र,साथै सम्बन्धित वडा कार्यलयबाट प्राप्त गर्न सकिने छ ।**

२०७९।१०।२९

उमेश कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध, सुन्दर, ऐतिहासिक सिरानचोकको शानः समावेशी, वातावरण अनुकुलित, सन्तुलित विकासको अभियान"
Web:www.siranchowkmun.gov.np,Mail:siranchowkrural@gmail.com, ito.siranchowkmun@gmail.com,
info@siranchowkmun.gov.np